बैठक नं.१०

मिति:२०८१/०८/१९

आज मिति २०८१/०८/१९ गते ओमसतिया गाउँपालिकाका अध्यक्ष श्री मन्जित कुमार यादव (सोनु) ज्युको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा तपशिल बमोजिमका प्रस्तावहरु माथि छलफल गरियो।

तपशिल:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री मन्जित कुमार यादव (सोनु) | गाउँपालिका अध्यक्ष | [signature] |
| २. | श्री सुनिता चौधरी | गाउँपालिका उपाध्यक्ष | [signature] |
| ३. | श्री बेल बहादुर बराल मगर | १.नं.वडा अध्यक्ष | [signature] |
| ४. | श्री शितल जि.टि. | २.नं.वडा अध्यक्ष | [signature] |
| ५. | श्री प्रकाश सिंह | ३.नं.वडा अध्यक्ष | |
| ६. | श्री अखिलेश्वर पाण्डे | ४.नं.वडा अध्यक्ष | [signature] |
| ७. | श्री मदन प्रसाद पोखरेल | ५.नं.वडा अध्यक्ष | [signature] |
| ८. | श्री शिव कुमार धवल | ६.नं.वडा अध्यक्ष | [signature] |
| ९. | श्री गुन्जा कुमारी थारु | कार्यपालिका सदस्य | [signature] |
| १०. | श्री मंजेश कुमारी थारु | कार्यपालिका सदस्य | [signature] |
| ११. | श्री चन्द्र भावती लोध | कार्यपालिका सदस्य | चन्द्रभावती |
| १२. | श्री सुधा हरिजन | कार्यपालिका सदस्य | सुधा |
| १३. | श्री शेर सिंह थकाली | कार्यपालिका सदस्य | [signature] |
| १४. | श्री अनिता हरिजन | कार्यपालिका सदस्य | अनिता |
| १५. | श्री विपिन क्षेत्री | सचिव | [signature] |

बसन्ती छेतेल पुन वडा सदस्य

आमन्त्रित:

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कमल प्रसाद शर्मा | लेखा अधिकृत | [signature] |
| २. | श्री रुपा थापा राउत | अधिकृत छैठौं | [signature] |
| ३. | हरि.... पोख्रेल | शिक्षा अधिकृत सातौं | [signature] |
| | अमृता पाण्डेय | अधिकृत | |

मितिः २०८१/०८/१९ गते, का. पा. बैठक संख्या-१०

कार्यपालिका वैठकका निर्णयहरु

**प्रस्तावहरु**

**१. आ.ब. ०८१/०८२ को म.ले.प. सम्बन्धमा।**

२.विविध।

**निर्णयहरुः**

**१.आ.ब. ०८१/०८२ को म.ले.प. सम्बन्धमा।**

ओमसतिया गाउँपालिकाको आ.ब. ०८०/०८१ को लेखा परीक्षण गर्न महालेखा परीक्षण कार्यालयबाट आएको लेखा परीक्षक टोलि, कार्यापालिका सदस्यहरु,आर्थिक प्रशासन शाखा,कार्यालय प्रमुख र शाखा प्रमुख बीचमा लेखा परीक्षणको परिचय, उद्देश्य, क्षेत्र, सीमा, पद्धती कार्यक्रमको परिचय ,श्रेस्ता तथा बक्यौताको लेखा परीक्षणको लागि लेखा परीक्षण अवधिभर आ-आफ्नो क्षेत्रबाट सहयोग तथा सम्बन्धित कागजजात परीक्षकलाई उपलब्ध गराउने तथा कागजातको पुष्टाई गर्ने।

२.विविध।

- **विज्ञापन कर ठेक्का सम्बन्धमा।**

  ओमसतिया गाउँपालिकाबाट मिति ०८१ जेठ १३ गते प्रथम पटक र ०८१ असार २१ गते दोस्रो पटक प्रकाशित सूचना अनुसार ठेक्का नं.ORM/IR/03/081/082 को विज्ञापन कर ठेक्का श्री आकृति एडभरटाइजिङले कबोल गरेको रकम सारभुत रुपमा प्रभावकारी भएको तर ठेक्का सम्झौत गर्न नआएकोले उक्त संस्थाले जम्मा गरेको धरौटी वापतको रकम रु ३०,०००। (तीस हजार मात्र) जफत गर्ने।

- **यु -१९ महिला विश्वकप सम्बन्धमा।**

  यु -१९ महिला विश्वकपमा छनौटमा सफल नेपा/ली यु -१९ महिला टोलिका खेलाडी ओमसतिया गाउँपालिका कार्यालय अन्तर्गत वडा नं -१, नयाँगाउँका महिला क्रिकेट खेलाडी तृष्णा विश्वकर्मालाई ओमसतिया गाउँपालिका कार्यालयले मिति २०८१ मंसिर ७ गते दोसल्ला,सम्मान पत्र तथा नगद रु. ५१,०००(एकाउन्न हजार) समेत दिई सम्मान कार्यक्रम गरियो।

- **लघुउद्यम विकास कार्यक्रम सम्बन्धमा।**

  ओमसतिया गाउँपालिका कार्यालयको लघुउद्यम विकास शाखाबाट संचालित कार्यक्रम ओमसतिया गाउँपालिका वडा नं -६ मा आ.ब. ०८१/०८२ को नयाँ कार्यक्रम संचाल गर्ने र गत आ.ब. ०८०/०८१ मा वडा नं. ५ मा संचालन भएको कार्यक्रमलाई स्तरउन्नोतिको रुपमा कार्यक्रम गर्ने र ०८१/०८२ को साझा सुबिधा केन्द्र ओमसतिया गाउँपालिका भवन भएको जग्गाको परिसर भित्र निर्माण गर्ने।

- **"घ" वर्गको निर्माण व्यवसाय सम्बन्धमा।**

  घ बर्गको निर्माण व्यवसायी ईजाजत पत्र प्राप्त गर्नका लागि आबश्यक कागजात सहित निवेदन पेश भएकाले तपशिल बमोजिमका निर्माण कम्पनीलाई यस गाउँपालिकामा दर्ता गरि "घ" बर्गको निर्माण व्यवसायी ईजाजत पत्र दिने।

**तपशिलः**

| क्र.सं. | कम्पनीको नाम | ठेगाना |
|---|---|---|
| १. | मायादेवी पाथिभारा निर्माण सेवा प्रा.लि. | ओमसतिया -४, बसन्तपुर, रुपन्देही |
| २. | मधु निर्माण सेवा(मधु शर्मा भण्डारी) | ओमसतिया-३, कटैया, रुपन्देही |